# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुर्तिवाङ, बागलुङ

पत्र संख्याः ०७९/८०
चलानी नं.:

गण्डकी प्रदेश, नेपाल
मितिः २०८०/०३/१९

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/०६/१० मा भएको दोस्रो शंसोधन अनुसार (९) को उपनियम (१) को " नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्त भित्र नविकरणको लागि समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्ने" व्यवस्था रहेकाले यस ढोरपाटन नगरपालिकाका ९ वटै वडाको वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई २०८० भाद्र मसान्त भित्र अनिवार्य रुपमा नविकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा,बुबा,संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सक्नेछन्।

**नविकरणका लागी आवश्यक कागजातहरुः**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,पासपोर्ट साइजको १ प्रति फोटो
- असहाय एकल (विधवा) महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस
- सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका ६० वर्ष माथिका महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस
- न्यायिक पृथिकिकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथिकरण भएको प्रमाणपत्र
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस
- अपाङ्गताको हकमा अपाङ्गता कार्डको प्रतिलिपि र संरक्षको नागरिकताको प्रतिलिपि
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**नोटः**

**नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नविकरण तथा नयाँ लाभग्राहीको सूचिकरण गर्ने र नागरिकता प्रमाण पत्रमा उल्लेखित जन्म मिति अस्पष्टता भएमा ईलाका प्रशासन कार्यालयबाट यथार्थ विवरण यकिन गरि मात्र कार्य अगाडि बढाउने।**

**तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

**नविकरण मिति २०८०/०४/०१ देखि २०८०/०५/३१ गते सम्म**

बोधार्थः
श्री वडा कार्यालय सबै,
ढोरपाटन नगरपालिका।

..................
कृष्ण खनाल
एम.आई.एस. अपरेटर

..................
२०८०।०३।१९
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत